Standard Chartered


Standard Chartered Bank Nepal Limited

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ. व. २०७४–०७५



Driving commerce and prosperity
through our unique diversity.

# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
# ३२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**मिति २०७५ साल मंसिर २१ मा बसेको यस बैंकको संचालक समितिको ३७७औ बैठकले निर्णय गरे अनुसार यस बैंकको ३२औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको ब्यहोरा शेयरधनी महानुभावहरुमा अनुरोध गर्दछौं ।**

---

**सभा हुने मिति, समय र स्थानः**

**सभा हुने मिति : २०७५ साल माघ ७ गते (२१ जनवरी २०१९), सोमबार ।**
**सभा सुरु हुने समय : दिउँसो १:०० बजे ।**
**स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाण्डौं ।**

---

सभा ठीक समयमा सुचारु रुपले संचालन गर्नको लागि उपस्थिति पुस्तिका बिहान १०:३० बजे देखि खुला राखिने छ ।

**छलफलको विषय :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७४/०७५ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७५ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु. १७.५० (अक्षेरुपी सत्र रुपैयाँ पचास पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) अनुसार वर्तमान लेखापरीक्षक एस. ए. आर एसोसियट्स चार्टर्ड एकाउन्टेन्टस् पुनः नियूक्त हुन सक्नेछ)

५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट बैंकको संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

**ख. विविध ।**

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**मिति २९ पुस २०७५ देखि ७ माघ २०७५ (तदनुसार १३ देखि २१ जनवरी २०१९) सम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहने छ ।**

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनीहरुले प्रवेश-पत्र वा आफ्नो **सक्कल शेयर प्रमाण-पत्र** वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने **अभौतिकीकरण खाताको विवरण (डि. पि. नम्बर तथा ग्राहक नम्बर)** साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गर्दछौं ।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि-पत्र (प्रोक्सी फारम) भरी बैंकको शेयर शाखा, नयाँ बानेश्वर, काठमाण्डौंमा सभा शुरु हुनुभन्दा कम्तिमा ९६ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुनु पर्नेछ ।
३. प्रतिनिधि नियुक्त गरी सक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रोक्सी दिइसकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः बदर हुनेछन् ।
४. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र सभामा भाग लिन सक्नुहुनेछ ।
५. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र लेखी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको मुख्य कार्यालय, नयाँ बानेश्वरमा पठाएको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरुलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु बदर हुनेछन् ।
६. नाबालक वा मानसिक रुपले अशक्त शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन सक्नु हुनेछ । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।
७. आफनो नाममा रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या उल्लेख गरी प्रतिनिधि-पत्र (प्रोक्सी) दिएमा तथा प्रतिनिधि-पत्र (प्रोक्सी) मा शेयरधनीको हस्ताक्षर यस बैंकको शेयरधनी रेकर्ड अनुसार नमिलेको अवस्थामा त्यस्तो सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरु स्वतः बदर हुने छन् ।
८. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्तीमा ३०० कित्ता शेयर लिएको हुनुपर्नेछ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, अन्य प्रचलित कानून तथा बैंकको संचालक निर्वाचन कार्यविधी सम्वन्धी निर्देशिका, २०७५ बमोजिम योग्य हुनुपर्नेछ ।
९. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रम अनुसार तोकिएको मिति तथा समयमा बैंकको केन्द्रिय कार्यालयमा एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना शेयरधनी समर्थक सहित तोकिएको ढाँचामा आफ्नो उम्मेदवारी दर्ता गर्नुपर्नेछ । उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा तोकिएको ढाँचा र समयमा दरखास्त दर्ता गर्नु पर्नेछ । तर अध्यक्षले अनुमति दिएमा यस्ता उम्मेदवारले सो समयपछि पनि आफ्नो नाम फिर्ता लिन सक्नेछन् ।
१०. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन सम्वन्धि बिस्तृत कार्यक्रम बैंकको केन्द्रिय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौमा अवस्थित शेयर विभागको सुचना पाटीमा निर्वाचन हुने दिन भन्दा ९ दिन अगावै टाँस गरे बमोजिम हुनेछ ।
११. यस बैंकको संचालक निर्वाचन निर्देशिका शेयरधनीहरुले यस बैंकको शेयर शाखाबाट रु. ३०० शुल्क तिरी प्राप्त गर्न सक्नु हुनेछ ।
१२. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

**द्रष्टव्यः** बैंकको वार्षिक प्रतिवेदन बैंकको शेयर विभाग वा साधारण सभा स्थलबाट नै शेयरधनीलाई वितरण गर्ने व्यवस्था मिलाईने छ । साथै साधारणसभासँग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट **https://www.sc.com/np/investor_relations/en/** मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न तथा प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

# आदरणीय शेयरधनी महानुभावहरू

**बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनाका साथ संलग्न गरी पठाइएको छ । साथै कम्पनी ऐन २०६३ अनुसारको वार्षिक वित्तीय विवरण, वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले बैंकको शेयर विभाग वा साधारण सभा स्थलबाट प्राप्त गर्न सक्नु हुने व्यहोरा अनुरोध गर्दछौ ।**

## आ.व. २०७४/७५ को संक्षिप्त वार्षिक वित्तीय विवरण :

### संचालक समितिको प्रतिवेदन

बैंकको संचालक समितिको तर्फबाट यो प्रतिवेदन प्रस्तुत गर्दा सम्मानीत एवं गौरव महसुस गरेको छु। स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले आर्थिक वर्ष २०७४/७५ मा उत्कृष्ट कार्यसम्पादन गरेको कुरा जानकारी गराउन पाउँदा मलाई त्यतिनै खुशी लागेको छ।

हाम्रो प्रयास अनुरुप हामीले खर्च र पुंजी दुवैको अनुशासनलाई कायम राख्दै आयलाई दरिलो, सुरक्षित र दिगो तरिकाले वृद्धि गरेका छौं । सकारात्मक पक्षका रुपमा बैंकका अगाडि प्रशस्त अवसरहरु रहेका छन् तसर्थ ती अवसरहरुलाई आगामी दिनमा सदुपयोग गर्दै जाने कुरामा संचालक समिति यहाँहरुलाई पुनःआश्वस्त पार्न चाहन्छ र हालको व्यवस्थापन समुह भविष्य तर्फ केन्द्रित भएर ती अवसरको सदुपयोगमा विशेष ध्यान दिने छ भन्ने कुरामा समेत संचालक समिति विश्वस्त छ । हाम्रो दायित्व भनेको हाम्रा शेयरधनीहरुलाई प्रतिफल दिनु मात्र नभई हाम्रा ग्राहक, समुदाय र समाज समेतलाई उचित फाईदा पुग्ने गरी व्यवसाय संचालन गर्नु हो ।

तीन किसिमका प्राथमिकतामा हाम्रो ध्यान केन्द्रित गर्न हामी प्रतिबद्ध छौं: सहि सम्भावनाको ढोका खोल्न बैंकलाई मद्दत गर्ने, आउन सक्ने समस्याहरुलाई सहन गर्नसक्ने क्षमतामा सुधार गर्ने, र उत्कृष्ट सुशासन सुनिश्चित गर्ने तथा उच्चतम नैतिकस्तर कायम गर्ने । दिगो र दिर्घकालिन कार्यसम्पादन कायम राख्नका निम्ति यो महत्वपूर्ण छ ।

मध्य तथा दिर्घकालीन दृष्टिकोणले नेपाल आकर्षणको केन्द्र रहेको छ र कार्यसम्पादन बृद्धिलाई हाँसिल गर्न हामी सक्षम अवस्थामा रहेका छौं । थप प्रतिष्पर्धी, प्राविधिक परिवर्तन र नवीनतालाई अँगाली तथा हाम्रा ग्राहकका लागि आकर्षक सेवाहरु निरन्तर रुपमा विकास गरी उपलब्ध अवसरको पहिचान गर्ने र त्यसलाई प्राप्त गर्ने कार्यमा हामीले निरन्तर रुपमा कडा मेहनत गर्ने कुरा हामी आफैंमा निर्भर छ । यसैगरी, यस्ता अनुकुल परिदृश्यमा रहेका जोखिमका बारेमा पनि हामीले ख्याल गर्नुपर्छ ।

विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय बैंक र व्यापारका बीचमा स्पष्ट सम्बन्ध रहेको छ र विश्वव्यापी विकास र सम्वृद्धिमा यिनिहरु मौलिकरुपमा गाँसिएका छन् । विश्वका तीन शीर्ष व्यापार बैंकहरुमध्येको एक स्ट्याण्डर्ड चार्टर्ड विश्व व्यापारमा निरन्तर भैरहेको सुधारबाट सिर्जना हुने अवसर को सदुपयोग गर्नका लागि सक्षम अवस्थामा रहेको छ । हाम्रो विश्वव्यापी उपस्थिति र अद्वितीय संजाल क्षमताले हामीलाई विश्वभर व्यापार र लगानी गर्नका लागि सक्षम बनाएको छ । बैंकिङ्गले अर्थतन्त्र र व्यक्तिको जीवनमा अहम भूमिका खेलेको अवस्थामा हामी हाम्रा ग्राहक तथा सेवाग्राहीलाई विभिन्न तरिकाले मद्दत गर्दै नेपालको आर्थिक वृद्धिका लागि प्रतिबद्ध रहेका छौं ।

शेयरधनीलाई प्रदान गर्ने प्रतिफलको महत्व संचालक समितिले बुझेको छ र आयको अवस्था, नियामक व्यवस्था अनुसार कायम गर्नुपर्ने पुंजी र व्यवसाय विस्तारका लागि गर्नुपर्ने लगानीको अवसरलाई बिचार गरी संचालक समितिले शेयरधनीलाई स्थिर खालको प्रतिफल दिन सक्ने अवस्थामा रहन प्रयत्नशील छ । यो

एउटा महत्वपूर्ण यात्रा हो र हामीले दिर्घकालीनरुपमा दरिलो र दिगो व्यापारको जग बनाउनका लागि केन्द्रित हुनुपर्छ । शेयरधनी महानुभावहरुलाई अवगत नै छ कि हाम्रो प्राथमिकता भनेकै हाम्रो जोखिम बहन गर्नसक्ने क्षमता भित्र रहेर नाफामुलक र दिगो विकासका लागि पर्याप्त पुँजी, अत्याधिक तरलता तथा विविधतायुक्त वासलात कायम राख्नु हो ।

हामीले हाम्रो संस्थामा उत्कृष्टताको संस्कृतिलाई सुदृढ गर्न विशेष ध्यान दिएका छौं । "Here for good" भन्ने हाम्रो ब्राण्ड प्रतिज्ञाले हामी बैंकको रुपमा कसरी संचालित हुन्छौं र व्यवसाय कसरी गर्छौं भन्ने कुरालाई इङ्गित गर्दछ । बैंकले हालसालै तीनवटा नयाँ मान्यताः Do the right thing, Never settle र Better together का आधारमा बैंकका हरेक कर्मचारीबाट गरिने अपेक्षालाई पुनः परिभाषित गरेको छ। यी आचरणलाई आत्मसात गर्दा हामीले हाम्रो काम गर्ने तरिकालाई लगातार चुनौती दिन सक्छौं, सहि निर्णय लिन सक्छौं, र कार्य सम्पादन गर्दा एकअर्कालाई जवाफदेही बनाउन सक्छौं । हामी यस बैंकलाई साँच्चिकै ग्राहक केन्द्रित संस्था बनाउँदै छौ । हाम्रो समुदायमा यो बैंक पुर्ण रुपमा समाहित छ र हामी बैंकिङ्ग क्षेत्रमा उत्कृष्ट ब्राण्डका रुपमा कायम रहिरहन लगातार मेहनत गर्नेछौं ।

## नतिजाहरू - संक्षेपमा

### वित्तीय परिसूचकहरु*

- कर पछिको खुद मुनाफा अघिल्लो वर्षको तुलनामा ४१ प्रतिशतले बृद्धि भई रु. २ अर्ब १९ करोड पुगेको छ जुन अघिल्लो वर्षमा रु. १ अर्ब ५५ करोड रहेको थियो ।
- आयमा बृद्धि भएका कारणले प्रति शेयर आय रु. ४.५६ ले बृद्धि भई रु. २७.३३ पुगेको छ ।
- कर्जा विस्तार अघिल्लो वर्षको तुलनामा १६ प्रतिशतले बृद्धि भई रु.४४ अर्ब ५६ करोड पुगेको छ जुन अघिल्लो वर्ष रु.३८ अर्ब ४३ करोड रहेको थियो ।
- निक्षेप अघिल्लो वर्षको तुलनामा १२ प्रतिशतले बृद्धि भई रु. ६७ अर्ब ६ करोड पुगेको छ जुन अघिल्लो वर्ष रु. ५९ अर्ब ६९ करोड रहेको थियो ।

* NFRS बमोजिम तयार पारिएको वित्तीय विवरण अनुसार

### बैंकको कार्यसम्पादन

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालले प्रत्येक वर्ष सन्तोषजनक कार्यसम्पादन गर्दैआएको छ । बैंकले आयकर वापत अघिल्लो वर्षको रु. ५९.६ करोडको तुलनामा यस वर्ष रु. ९७.६ करोड व्यवसायिक करको रुपमा सरकारी राजस्वमा योगदान गरेको छ । कानुनी एवम् नियामक प्रावधान अनुरुप संचालक समितिले रु. २.८ करोड सटही घटबढ कोषमा र रु.४३.८ करोड साधारण जगेडा कोषमा तथा नियामक कोषमा रु.३४.६ करोड रकमान्तर गर्न प्रस्ताव गरेको छ। यसैगरी, संचालक समितिले १७.५० प्रतिशत नगद लाभांश प्रस्ताव गरेको छ र आवश्यक स्वीकृती प्राप्त भएपछि सो बराबरको रकम यस आर्थिक वर्षका लागि छुट्याइने छ ।

मुनाफा बाँडफाँड अघि, हाम्रो तह १ र तह २ (Tier 1 and Tier 2) पुँजी पर्याप्तताको अनुपात क्रमशः २१.४२ र १.५७ प्रतिशत भई कुल अनुपात २२.९९ प्रतिशत रहेको थियो । हाम्रो पुँजीको अवस्था हाम्रो व्यवसायिक आवश्यकता पुरा गर्नलाई चाहिने भन्दा अधिक छ र Basel III Capital Accord अनुसार हाल नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम राख्नुपर्ने पुँजीको पर्याप्तता र अन्तराष्ट्रिय मान्यता भन्दा पनि बढी रहेको छ ।

## आर्थिक वातावरण

### विश्वव्यापी परिदृष्य

विश्व अर्थतन्त्र र बजारका लागि सन् २०१८ एउटा उतारचढावको वर्षको रुपमा रह्यो । अर्थतन्त्रका जगहरु मजबुत रहेका छन् । तर, पछि आउन सक्ने विभिन्न जोखिमका कारण हामी असहजरुपमा आशावादी रहेका छौं । यस्ता जोखिमहरुले प्रमुख अर्थतन्त्रमा रहेको विश्वासलाई अन्ततः कमजोर बनाउन सक्छन जुन हाल राजनीतिक घटनाका जोखिमले लचिला देखिन्छन् । युरोपियन विश्वासका संकेतहरु अन्य वर्षहरुभन्दा उच्च छैनन तापनि तिनिहरुले एउटा मनासिव दरको बृद्धिलाई संकेत गर्दछन् ।

हामी विश्वव्यापी वृद्धिमा जोखिमका तीनवटा मुख्य स्रोतहरु देखिरहेका छौं जसलाई हामीले नजिकैबाट नियालिरहेका

छौं : (१) Quantitative Easing (QE) युगको समाप्तिको परिणाम, (२) संयुक्त राज्य अमेरिका र चीन बिचको संभावित पूर्णरुपको व्यापार विवादको अपेक्षित र अनपेक्षित परिणाम र (३) तेलको मुल्यले विभिन्न अर्थतन्त्रको सम्वेदनशिलतामा हुन सक्ने प्रभाव । QE युगको अन्त्य हुँदा जोखिम कायमै रहन्छ । अमेरिकाले आफ्नो मौद्रिक नीति कसिलो बनाउने कुरालाई निरन्तरता दिएकोले यसले विश्व बजारलाई असर गरेको छ । अमेरिका आर्थिक हिसावले पहिलेको अनुपातमा कम शक्तिशाली भएता पनि अमेरिकी डलर र यसको ब्याजदरले विश्व वित्तीय बजार प्रभावित हुने गर्दछ ।

अमेरिका-चीन व्यापार विवादको अन्तिम परिणाम आंकलन गर्न गाह्रो छ । यो प्रक्रियामा अपेक्षित वा अनपेक्षित दुवै परिणाम हुनेछन् । व्यापार तनाव अझ बढ्दै गएमा यसबाट विश्वव्यापी वृद्धिमा स्पष्ट जोखिम पर्ने देखिन्छ । यसको एउटा अनपेक्षित परिणाम भनेको चीनलाई आपूर्ति गर्ने देशहरुलाई अप्रत्यक्ष असर पर्न जानु हो । तथापि, चीन-अमेरिका व्यापारिक विवादमा अमेरिकाको आपुर्तिकर्ताको रुपमा चीनलाई प्रतिस्थापन गरी केही देशहरुले लाभ लिन पनि सक्नेछन् ।

तेलको मूल्यमा हुने परिवर्तन विश्वव्यापी अर्थतन्त्रका लागि तेस्रो ठूलो जोखिम हो । तेलको मूल्यको संवेदनशीलताले तेल आयातकर्ता लाई (विकासोन्मुख र विकसित दुवै बजारलाई) तेलको मूल्यको परिवर्तनले कुल गार्हस्थ उत्पादनमा विकासमा हुने हाम्रो गुणात्मक नमुनाले देखाउँछ । यसको नकारात्मक असर भनेको केहि समयमा मुद्रास्फिति र विकासमा पछि धकेलिनु हो । कुल गार्हस्थ उत्पादन मा हुने अधिकतम असर वास्तविक झट्का लाग्नु अगावै विनिमय दर, चल्ती खाता र मुद्रास्फिति जस्ता च्यानलहरु मार्फत् हुने भएकोले केही समय लाग्छ । केन्द्रिय बैंकहरुले अस्थायी रुपमा देखिने बाह्य मुद्रास्फितिको चाप हेर्नसक्ने भएकोले मौद्रिक नीतिको प्रतिक्रिया पनि महत्वपूर्ण हुन्छ ।

**चीनः** सन् २०१८ को पहिलो त्रैमासमा कुल गार्हस्थ उत्पादन वृद्धिको दरिलो प्रस्तुतिका बाबजुद हामी सन् २०१७ मा भएको ६.९ प्रतिशतको वृद्धि दरबाट सन् २०१८ मा ६.५ प्रतिशतको मध्यम वृद्धि दरको अपेक्षा गर्दछौं । चीनको अर्थतन्त्रले तीनवटा प्रमुख चुनौतीको सामना गर्नु पर्ने देखिन्छ : घरजग्गा व्यवसायमा हुने गिरावट, अमेरिकासँग भैरहेको व्यापार विवाद जसले निर्यात माथि चाप परिरहेको छ र मुनाफामा भइरहेको ह्रास ।

**आसियन (ASEAN):** मुख्य संकेतले वृद्धि घटिरहेको इसारा गरेतापनि यस क्षेत्रको वृद्धिको संभावना सकारात्मक देखिन्छ । चीन र युरोप क्षेत्रको ढिलो वृद्धिदरले निर्यातको वृद्धि दरलाई कमजोर बनाई रहेको छ । घरेलु माग खासगरी सरकारले पूर्वाधारमा गरेको खर्चले इन्डोनेसिया र थाइल्याण्डको वृद्धिलाई टेवा पुर्‍याउनु पर्दछ ।

**भारतः** सन् २०१८ को आर्थिक वर्षमा रहेको ६.७ प्रतिशतको कुल गार्हस्थ उत्पादनको वृद्धिमा सन् २०१९ को आर्थिक वर्ष (मार्चमा अन्त्य हुने) मा क्रमिकरुपमा सुधार हुँदै ७.२ प्रतिशत पुग्ने कुरामा हामी आशावादी छौं । यसका प्रमुख जोखिमहरु तेलको मूल्यमा वृद्धि, अमेरिकी डलर अझै बलियो हुनु र जोखिम झेल्न सक्ने क्षमतामा पर्ने विश्वव्यापार तनावको असर र विदेशी विनिमय चाप रहेका छन् ।

**अमेरिकाः** वेरोजगारीको दर न्युन रहेको र विभिन्न क्षेत्रमा बृहत सुधार भएकोले वृद्धिको गति बलियो रहेको छ । हालै भएको करका नियममा परिवर्तन र सरकारको उच्च खर्चबाट आन्तरीक आर्थिक नीतिले अर्थतन्त्रलाई टेवा दिनेछ ।

**युरोपः** सन् २०१८ को पछिल्लो अवधिमा भएको उर्जाको मूल्य बृद्धि र व्यापार विवादको चासोले गर्दा वृद्धि दरलाई मध्यम राख्नसक्ने भएपनि युरो क्षेत्रको वृद्धिलाई आन्तरीक मागले टेवा पुर्याइरहेको छ । युरोपियन केन्द्रिय बैंक ले सन् २०१८ को अन्त्यसम्ममा अन्तरनिहित मुद्रास्फितिको चाप बढ्ने अपेक्षा गरेको छ र क्युइ (QE) खरिदलाई रोक्न चाहेको छ ।

आगामी महिनाहरुमा केन्द्रिय बैंकको सहायतामा आउने कमी र व्यापार तथा भूराजनीतिक जोखिमको बृद्धिलाई बजारले सामना गर्नुपर्ने देखिएता पनि अर्थतन्त्रका जगहरु राम्रो हालतमा रहनुपर्छ भन्ने कुरामा हाम्रो

विश्वास रहेको छ । यस्ता पछि आउने जोखिमले विश्वासलाई कमजोर बनाउन सक्ने भएकोले वर्षको सुरुवात आत्मसन्तोषबाट हुनसक्छ। अमेरिकाको मौद्रिक नीतिको सामान्यिकरण, मध्यमस्तरको मुद्रास्फिति र अमेरिका-चीन व्यापार तनावको परिणाम हामीहरुको चिन्ताको मुख्य विषय हुन् तापनि तिनिहरुले विश्वव्यापी बृद्धिको हाम्रो आशाबादी बृहत् दृष्टिकोणलाई परिवर्तन गर्दैनन्। हाम्रो विचारमा तेलको मुल्यमा हुने परिवर्तनबाट हाल आत्तिनुपर्ने स्थिति सिर्जना हुने अवस्था छैन। तरपनि बिग्रदै गइरहेको व्यापारको परिणाम, तेलको मुल्य बृद्धि, आक्रामक फेडरल रिजर्भ पोलिसीले संयुक्तरुपमा सन् २०१८ मा विश्वासलाई अझ कमजोर बनाउनसक्ने कुरालाई हामीले विचार गरेका छौं ।

**नेपाल**

आर्थिक वर्ष २०७३/७४ देखि आर्थिक वृद्धिले गति लिईरहेको छ । आ. व २०७४/७५ मा धानको उत्पादनमा आएको १.५ प्रतिशतको गिरावटका कारण आ. व २०७५/७६ मा कृषिमा हुने वृद्धिले विगत दुई वर्षमा देखिएको कुल गार्हस्थ उत्पादनको वृद्धि हाँसिल गर्ने कुरालाई मद्दत गर्ने संभावना छ। केन्द्रिय तथ्यांक विभागको (उत्पादकको मूल्यमा आधारित) वास्तविक कुल गार्हस्थ उत्पादनको अनुमानले आ. व २०७४/७५ मा ६.३ प्रतिशत र आ. व २०७३/७४ मा ७.९ प्रतिशतको वृद्धि देखाउँछ। वृद्धि प्रक्षेपणमा सुधार भएर अर्थतन्त्रको आकार ३० खर्ब पुगेको छ।

सोधनान्तर अभिलेख तुलना गर्दा अघिल्लो वर्ष बचत रु. ८२.११ अर्व रहेकोमा आ. व २०७४/७५ मा रु. ९६०.२ अर्ब बचत रहेको देखिन्छ। चालु खातामा पछिल्लो वर्षको रु. १०.१३ अर्बको सानो घाटाको तुलनामा आर्थिक वर्ष २०७४/७५ मा रु. २४५.२२ अर्ब घाटा भएको छ । प्रचलित खातामा घाटा हुनुको कारण पेट्रोलियम पदार्थ, यातायातको उपकरण र पार्टपुर्जा र औद्योगिक वस्तुहरुको आयातको बृद्धिले गर्दा भएको हो ।

कामदारहरुको विप्रेषण अघिल्लो वर्षको तुलनामा ४.६ प्रतिशत वृद्धि दरबाट बढेर ८.६ प्रतिशत भई आर्थिक वर्ष २०७४/७५ मा रु. ७५५.०६ अर्ब पुगेको छ।

आर्थिक वर्ष २०७४/७५ मा व्यापार घाटाको अन्तर २६.७ प्रतिशतले फराकिलो भई रु. १,१६१.६४ अर्ब पुगेको छ। अघिल्लो वर्षको तुलनामा आयात निर्यातको अनुपात ७.४ प्रतिशतबाट घटेर यस वर्ष ६.५ प्रतिशतमा झरेको छ । निर्यातको बृद्धि अघिल्लो वर्षको ४.२ प्रतिशतको तुलानामा आर्थिक वर्ष २०७४/७५ मा ११.१ प्रतिशतले वृद्धि भई रु. ८१.१९ अर्ब पुगेको छ । आयातको बृद्धि तुलना गर्दा अघिल्लो वर्ष २८ प्रतिशत रहेकोमा आ. व. २०७४/७५ मा २५.५ प्रतिशतले वृद्धि भई रु. १,२४२.८३ अर्ब पुगेको छ ।

२०७५ को असार मसान्तसम्म कुल विदेशी विनिमय संचिति अघिल्लो वर्षको रु. १,०७९.४३ अर्वमा २.१ प्रतिशतले बृद्धि भई रु. १,१०२.५९ अर्ब रहेको छ । हाल प्रचलित आयातको प्रवृत्तिका आधारमा हाल रहेको संचिति वस्तुको आयातमा १०.८ महिनाको लागि तथा वस्तु र सेवा आयातका लागि ९.४ महिनाको लागि पर्याप्त छ।

अघिल्लो वर्ष भएको ४.५ प्रतिशतको उपभोक्ताको औसत वार्षिक मुल्य बृद्धिको तुलनामा आर्थिक वर्ष २०७४/७५ मा उपभोक्ता मुल्य बृद्धि मध्यमस्तरको ४.२ प्रतिशत हुन गएको छ । मुद्रास्फितिको यो दर आ.व. २०६१/६२ पछिको सवैभन्दा कम हो। आपुर्ति संयन्त्रको व्यवस्थापनमा भएको सुधार र भारतमा मुल्यबृद्धिको दर कम हुनुले यो वर्ष मुल्य बृद्धिको दर न्युन रहन योगदान दिएको छ। तर २०७५ को असार मसान्तमा अघिल्लो वर्षको यहि अवधिको तुलनामा उपभोक्ताको मूल्य बृद्धि २.७ प्रतिशत रहेकोमा यसमा बृद्धि भई ४.६ प्रतिशत पुगेको छ । यसले मुद्रास्फितिमा चाप बढेको संकेत गर्दछ।

२०७४ सालको तुलनामा २०७५ सालको असार मसान्तमा अमेरिकि डलरको तुलनामा नेपाली मुद्रा ५.९ प्रतिशतले अवमुल्यन भएको छ। भारतीय मुद्रा र नेपाली मुद्राको १:१.६ को स्थिर विनिमय दर रहेको छ। २०७४ सालको असार मसान्तमा रहेको अमेरिकि डलरको खरिद दर रु. १०२.८६ को तुलनामा २०७५ असार मसान्तको अमेरिकी डलरको खरिद दर रु. १०९.३४ पुगेको छ।

## आगामी वर्ष

आर्थिक गतिविधिमा सुधार भएकोले आर्थिक वर्ष २०७४/७५ मा बृहत् सुधार देखियो। यस दृष्टिकोणबाट हेर्दा आर्थिक वर्षको धेरै समय समग्र आर्थिक गतिविधि सकारात्मक रह्यो।

संवैधानिक व्यवस्था अनुसार यस आर्थिक वर्षमा नेपालले २० वर्ष पछि स्थानीय निर्वाचन सहित प्रादेशिक एवं संसदीय निर्वाचन गरी संक्रमणकालको अन्त्य गरी संघिय लोकतान्त्रिक राज्यमा रुपान्तरण भएको छ। राजनैतिक एजेन्डा समयमै हाँसिल भएकोले व्यावसायिक संवेदनशीलता सकारात्मक रहेका हुँदा यसले सामाजिक र आर्थिक वातावरणमा स्थायित्व प्रदान गर्ने संभावना छ।

हाम्रो अन्तरदेशीय क्षमता, नेटवर्क तथा सजिलै आत्मसाथ गरिने नविनतम प्रविधि तथा सेवाहरुबाट लाभ लिने राम्रो अवस्थामा रहेका हाम्रा ग्राहक तथा सेवाग्राहीलाई सहयोग गर्ने दरिलो अवस्थामा बैंक रहेको छ।

ग्राहकहरुको नयाँ नयाँ अपेक्षालाई प्रतिबिम्बित गरी प्रविधिले वित्तीय सेवाको परिदृष्यलाई अघिबाटै परिवर्तन गरिसकेको छ। रिटेल बैंकिङ्ग व्यवसायलाई परिवर्तन गर्नका लागि बैंकले पछिल्लो एक वर्षमा डिजिटल डेलिभरीका ढाँचाहरु अन्तर्गत विभिन्न प्रयासहरुको सुरुवात गरेको छ। यसले रिटेल ग्राहकहरु बनाउने तथा निजहरुलाई सेवा प्रदान गर्ने बैंकको कार्यमा सक्षमता हाँसिल गर्न बैंकलाई सहयोग पुरयाएको छ। हाम्रो रिटेल बैंकिग व्यवसायले हामीले छाप छोडेका प्रमुख व्यापारिक शहरहरुका ग्राहकहरुलाई निरन्तर आकर्षित गरिरहेको छ र डिजिटल सेवालाई सुधार गरेको छ। सक्षमता हाँसिल गर्न तथा यसको नियमित प्रक्रियाको हिस्साको रुपमा बैंकले यसको प्राविधिक प्लेटफर्मलाई नियमित अपग्रेड गर्छ र मुख्य प्रक्रियाहरुको पुनरसंरचना गर्दछ। दिगोरुपमा सुधार हाँसिल गर्न तथा जटिल बन्दै गइरहेको नियमहरुको परिपालना लगायत उत्पादकत्वका लागि यी कार्यहरु आवश्यक छ भन्ने कुरामा हामी दृढ छौं।

हाम्रो बलियो वासलात र पूंजीको अवस्था, राम्रोसँग संरचना गरिएको र विविधिकरण भएको व्यावसायिक क्षेत्रले भविष्यमा आउनसक्ने प्रमुख बाह्य चुनौतीहरुको सामन गर्ने कुराको आश गरिएको छ। सम्भावित जोखिम र चुनौती बहन गर्नका लागि हामीले बैंकको क्षमता बढाउन निरन्तर मेहनत गर्नु आवश्यक छ।

कृषि क्षेत्र हाम्रो अर्थतन्त्रमा एउटा महत्वपूर्ण स्तम्भका रुपमा रहिआएको छ। यस क्षेत्रबाट हुने योगदानको बृद्धि गर्ने कुरा मुलरुपमा संस्थागत, वित्तीय तथा पुर्वाधारमा रहेका व्यवधानहरुलाई प्रभावकारीरुपमा समाधान गरी कृषि क्षेत्रको व्यवसायीकरण गर्ने कुरामा निर्भर रहन्छ। ठेक्का र सहकारीको माध्यमबाट कृषिलाई व्यवसायीकरण गर्ने अभ्यासलाई व्यापकरुपमा प्रयोग गरिएमा यसले स्थानीयस्तरमा रोजगारी श्रृजना गर्नुका साथै स्थानीय मागलाई पनि पुर्तिगरी राजश्वको एक महत्वपूर्ण श्रोत हुन सक्दछ।

औद्योगिक क्षेत्र संचालनमा भएको सुधार र सामाजिक राजनैतिक परिदृश्यले औद्योगिक क्षेत्रको विस्तार र विकासलाई फाइदा पुर्‍याउने कुराको अपेक्षा गरिएको छ। आर्थिक वर्ष २०७५/७६ मा औद्योगिक उत्पादनमा मध्यमस्तरको वृद्धि हुन्छ भन्नेमा आशावादी छौं। भुकम्प पश्चात गर्नुपर्ने पुनःनिर्माणको गतिविधि तथा भौतिक पूर्वाधार निर्माणको गतिविधिले निर्माण उपक्षेत्रको विस्तारको सम्भावना छ। कच्चा पदार्थको नियमित आपुर्ति तथा विद्युतीय आपूर्तिको प्रभावकारी व्यवस्थापनको परिणाम स्वरूप उत्पादन क्षेत्रमा सुधार हुने संभावना रहेको छ।

यसका अतिरिक्त सरकारी खर्चको बृद्धि र लगानीको मध्यमखालको बृद्धिले आगामी आर्थिक वर्षमा विकासका गतिविधी बढने अपेक्षा गरीएको छ। त्यस्तै, मध्यपूर्व र दक्षिण पूर्वी एसियाबाट आउने रेमिट्यान्सले आर्थिक वृद्धि र अर्थतन्त्रलाई लचिलो राख्न प्रमुख भूमिका खेल्नेछ। नेपाल सरकारको प्राथमिकता पाएको तथा सरकारको ध्यान आकर्षित भएकोले पर्यटन क्षेत्र पनि सकारात्मक रहेको छ। पर्यटन क्षेत्रको पुर्वाधार तथा सम्बन्धित सुविधाहरुमा भएको सुधारले राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान निरन्तर वृद्धि हुने कुराको अपेक्षा गरिएको छ।

## संस्थागत सुशासन

बैंकमा संस्थागत सुशासन एकदमै राम्रो रहेको छ र यो हाम्रो दिर्घकालीन सफलताको अभिन्न अंग बनेको छ।

बैंकिङ्ग भनेको सम्बन्धका आधारमा हुने व्यवसाय हो भन्ने कुरा यहाँहरु सवैले बुझ्नु भएको छ र हामी हाम्रा ग्राहक, नियामक निकाय, कर्मचारी र अरु सरोकारवालाहरुसँगका सम्बन्धलाई उच्च महत्व दिन्छौं र उक्त सम्बन्धलाई अझ प्रगाढ बनाउनका निम्ति हामी सबै किसिमको प्रयास गर्दछौं ।

सुशासनप्रति हाम्रो निष्ठा कायम राख्न हामी प्रतिबद्ध छौं । हामीले गठन गर्नुपर्ने समितिहरुका अतिरिक्त हामीसँग विविधता र समावेशिता, स्वास्थ्य र सुरक्षा, वातावरण र सामुदायिक साझेदारी विषय हेर्ने समितिहरु छन् । यी समितिहरुले लिएका पहलहरुले हाम्रा सरोकारवालाहरु प्रत्यक्ष फाईदा पुगेको छ र उनिहरुलाई खुशी तुल्याएको छ। सुशासनले स्पष्ट उत्तरदायित्वको व्यवस्था गर्ने, बलियो नियन्त्रण सुनिश्चित गर्ने, उचित व्यवहारलाई बढवा दिने र कार्यसम्पादनमा सहयोग गर्ने कुरामा हामी विश्वस्त छौं।

नेपाल राष्ट्र बैंकले जारी गरेको जोखिम व्यवस्थापन मार्गनिर्देशन र अन्य निर्देशनहरुलाई पालन गर्नुका साथै बैंकको जोखिम व्यवस्थापनको क्षेत्रमा रहेका राम्रा अभ्यासहरु अनुरुप स्ट्याण्डर्ड चार्टर्ड ग्रुपको जोखिम व्यवस्थापनका सिद्धान्त र मापदण्डहरुलाई समेत बैंकले अनुसरण गर्दै आएको छ ।

बैंकले कर्जा, बजार, पूँजी र तरलता, संचालन, देश, प्रतिष्ठा, परिपालना, आचरण, सूचना र साइबर सुरक्षा र वित्तीय अपराधलाई प्रमुख जोखिमको रुपमा पहिचान गरेको छ। यस्ता जोखिमहरुलाई Risk Type Frameworks (RTF) बाट व्यवस्थापन गरिएको छ। यस्ता मुख्य जोखिम व्यवस्थापन गर्नका निमित्त Risk Framework Owners हरु नियुक्त गरिएका छन् । बैंकले अपनाएका जोखिम व्यवस्थापनका सिद्धान्तहरुमा जोखिम र प्रतिफलको सन्तुलन, जिम्मेवारी र उत्तरदायित्व, संभावित जोखिम र प्रभावकारी जोखिम व्यवस्थापन मार्फत हुने फाइदाका कुरा समेटिएका छन् ।

यसैगरी, बैंकले संचालक समिति, लेखापरीक्षण समिति, जोखिम समिति, कार्यकारी जोखिम समिति, व्यवस्थापन समिति, वित्तीय अपराध जोखिम समिति, कर्जा सम्बन्धि समिति र व्यवसाय/कार्यगत तहका संचालन जोखिम सम्बन्धि समितिहरुलाई समेटी स्ट्याण्डर्ड चार्टर्ड समुहको जोखिम व्यवस्थापनको ढाँचालाई अनुसरण गर्दछ । जोखिम व्यवस्थापनको भूमिका र जिम्मेवारीलाई तीन तहको सुरक्षाको ढाँचामा परिभाषित गरिएको छ जस्तै, व्यवसाय/संचालन पहिलो तहको सुरक्षा, व्यवसाय/संचालनको सहयोगका लागि जोखिम सम्बन्धी कार्य दोश्रो तहको सुरक्षा र लेखापरिक्षण समितिलाई रिपोर्ट गर्ने स्वतन्त्र आन्तरिक लेखापरिक्षणको कार्य तेश्रो तहको सुरक्षा पर्दछन् । यसरी, बैंकमा जोखिम व्यवस्थापनको प्रभावकारी प्रणाली सुनिश्चित गर्नका लागि जोखिम व्यवस्थापन प्रक्रियामा संचालक समिति देखि व्यवसाय/संचालन तहसम्म सक्रिय सहभागिता रहन्छ ।

वित्तीय अपराधका विरुद्ध सामुहिक रुपमा लड्नका निम्ति सरकारले सम्पत्ति शुद्धीकरण सम्बन्धी तथा आतंकवादमा वित्तीय सहयोग सम्बन्धी मापदण्डहरुको विश्वव्यापीकरण गर्नु आवश्यक हुन्छ । नेपाल यस्ता जोखिमबाट अछुतो रहेको छैन । हामीहरुको विचारमा Financial Action Task Force (FATF) को मार्गदर्शन, ग्राहक पहिचान र सम्पत्ति शुद्धीकरणका मापदण्डहरु लाई कार्यान्वयनमा ल्याउनका निम्ति वित्तीय क्षेत्र झन् सक्षम हुनुपर्छ। बैकहरुले ग्राहकहरुको खाता व्यवस्थापन र सुपरिवेक्षणका लागि पुर्वाधार तथा कर्मचारीमा लगानी नगरेसम्म करेस्पोण्डेण्ट बैंकिङ्गमा जोखिम बढ्नसक्छ र यसलाई उच्च जोखिमयुक्त र महँगो बनाउन सक्छ । बैंकले करेस्पोण्डेण्ट बैंकिङ्गका ग्राहकलाई सम्पत्ति शुद्धीकरण सम्बन्धी बलियो कार्यक्रम हुनुपर्ने कुरामा सुशिक्षित गरी यो जोखिमलाई न्युनीकरण गर्ने नीति अवलम्बन गरेको छ। नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सम्पत्ति सुद्धीकरण/ग्राहक पहिचान मापदण्डले बैंकहरुले वित्तीय अपराधको जोखिमलाई प्रभावकारी ढङ्गबाट व्यवस्थापन गर्न प्रणाली र प्रक्रियाहरुमा लगानी गर्नुपर्छ भन्ने कुरामा पुनःजोड दिन्छ ।

बैंकको संचालक समितिमा श्रीमती क्यारेन डी अल्विस र श्री जोसेफ सिल्भानस ले स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्ड्लेज अस्ट्रेलियाको प्रतिनिधित्व गर्नुहुन्छ र श्री कृष्ण कुमार प्रधान ज्यूले बैंकको स्वतन्त्र संचालकको रुपमा संचालक समितिमा प्रतिनिधित्व गर्नुहुन्छ । राजिनामा दिएका

कारण सर्वसाधारणबाट निर्वाचित संचालकको पद रिक्त रहेको थियो । यसरी रिक्त रहेको पदमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १४ (ख) बमोजिम यस बैंकको संचालक समितिले यस बैंकको शेयरधनी श्रीमती अमृत कुमारी थापालाई १५ भाद्र २०७५ बाट लागु हुनेगरी अन्तरिम अवधिका लागि संचालक समितिमा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्नका लागि संचालकमा नियुक्त गरेको छ । स्ट्याण्डर्ड चार्टर्ड बैंक, यु.के. को प्रतिनिधित्व गर्दै म, जितेन्दर अरोरा, स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको संचालक समितिको अध्यक्षको पदमा रहेको छु ।

यस प्रतिवेदनमा उल्लेखित मितिमा बैंकको संचालक समितिमा गैर कार्यकारी अध्यक्ष, एकजना कार्यकारी संचालक र बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, कम्पनी ऐनको र नियामनकारी व्यवस्था बमोजिम एक जना स्वतन्त्र संचालक, एक जना सर्वसाधारण शेयरधनीबाट निर्वाचित संचालक समेत गरी तीनजना गैर कार्यकारी संचालक रहेका छन् ।

## निष्कर्षमा

हाम्रो प्रमुख लगानीको क्षेत्र बढ्दो अवस्थामा रहेको छ र आर्थिक वर्ष २०७५/७६ को सुरुवातबाट हामी उत्साहित छौं । अबको हाम्रो उद्देश्य भनेको हाम्रो पूर्ण संभावनालाई हाँसिल गर्नेगरी सफलता प्राप्त गर्नु हो ।

हाम्रो पूँजी र तरलताको अवस्था बलियो छ र हाम्रो जोखिम बहन गर्ने चाहनालाई धेरैहदसम्म पहिलो तहले लिने गरी उचित तरिकाले मिलाइएको छ । जोखिम वहन गर्ने हाम्रो लचकतालाई हाम्रो कार्यसम्पादनले पुष्टि गरिसकेको छ । हामी आत्मसन्तुष्ट छैनौं र जोखिम व्यवस्थापनको ढाँचा र बैंकिङ्ग क्षमतालाई विशेष गरी साइबर सुरक्षा जस्ता क्षेत्रमा अझै वृद्धि गर्नका लागि केन्द्रित छौं ।

हामी अनुत्पादक खर्च कटौती गर्ने योजना अनुरुप काम गर्दैछौं । यसले हामीलाई कुल खर्चको परिधि भित्रै रहेर लगानी बढाउन सक्षम बनाउँदछ । हामी हाम्रो संस्थामा उत्कृष्टताको संस्कृतिको विकास गर्न कार्य गर्दैछौं । हामीले हाम्रो ग्राहकको अनुभवलाई हरेक योजना, हरेक प्रक्रिया र हरेक सेवा उपलब्ध गराउँदा केन्द्रमा राख्न खोज्ने भएकोले भर्खरै सुरुवात गरिएको तीनवटा नविनतम आचरण जस्तै, Do the right thing, Never settle, र Better together भन्ने कुराहरु हाम्रो व्यवसायका हरेक पक्षमा लागू गर्नेछौं । हामी आत्मसन्तोष वा सत्य नहुने कुनै कुरामा सहिष्णुता नराखी साँचो रुपमा एउटा ग्राहक केन्द्रित संस्थाको निर्माण गर्दैछौं ।

प्रतिफलकोरुपमा हामीले देख्न सुरु गरेको ग्राहकको सन्तुष्टि र दरिलो आयको अवस्था साथै हामीले उपलब्ध गराएको उच्च संजाल तथा बलियो ब्राण्ड हाम्रो भविष्यको बलियो जग हो । तुलनात्मकरुपमा यी क्षेत्रहरु हामीहरुको पक्षमा रहेको कुरामा हामी विश्वस्त छौं ।

विश्वका प्रमुख व्यापारिक बैंकहरु मध्येको एउटा बैंकको सहायक कम्पनी भएको नाताले तपाईंको बैंक ग्राहक अनुभवको विषयमा तथा नयाँ प्रविधिको प्रयोग गरी शेयरधनीहरुलाई उच्च प्रतिफल दिने कुरामा राम्रो अवस्थामा रहेको छ । हामीले प्रदान गर्ने सेवामा भन्दा पनि हामी हाम्रा ग्राहकहरुमा केन्द्रित भई राम्रो प्रतिक्रिया प्राप्त भएको भएपनि हामीसँग राम्रो र महत्वपूर्ण साझेदारी (फ्रेन्चाइज), वित्तीय सवलता, उत्कृष्ट ग्राहकसँगको सम्बन्ध तथा राम्रो कर्मचारीहरुको समुह रहेको कुरा पनि विर्सनु हुँदैन ।

हामी हाम्रो बजार र यसको आर्थिक वृद्धिका सम्भावनाका बारेमा सकारात्मक छौं । जनसंख्या, शहरीकरण र मध्यमवर्गको वृद्धि आर्थिक बृद्धिका संवाहकहरु हुन् र हाम्रो बजारमा यी उत्साहजनक रहेका छन् । खर्चको व्यवस्थापन, प्रक्रियाको सुधार र प्रविधिको सुधार गरी हामीले हाम्रो दक्षतालाई सुधार गर्दै कुल कारोबार अझ बढाउने छौं । हाम्रा ग्राहकहरुलाई पूर्ण संलग्न गराइ, उत्पादकत्वमा सुधार गरी एवं हाम्रा कर्मचारी तथा संस्कृतिमा लगानी गरी हाम्रो आर्जनको संभावनालाई हाँसिल गर्ने कुरामा हामी निरन्तर केन्द्रित छौं । यसले सेवाको गुणस्तरलाई सुधार गर्ने एवं मुनाफा आर्जन गर्ने तथा सुरक्षित वृद्धि गराउने कुरामा हामी आशावादी छौं ।

हामीले सेवा दिने ग्राहक र समुदायप्रति बैंकले देखाएको सामुहिक दायित्व बोधले गर्दा नै हामीमा देखिने गरी

सुधार आएको छ । आचरणको वातावरण सुधारका लागि बैंकले असल आचरण परिभाषित र पहिचान गरी आचरणको ढाँचाको विकास गरी लागु गरेको छ । पूर्णरुपमा निमिट्यान्न पार्न नसकिने भएपनि कानुन र नियमको उल्लङ्घनलाई न त हामी सहन्छौं न त त्यसो गर्ने हाम्रो सोच नै छ र हाम्रा कर्मचारीले सही काम गर्ने गरेको कुरामा हामी सुनिश्चित गर्दछौं । यसले हामीलाई अझ बलियो र दिगो बनाउँछ र सरोकारवालाको विश्वास कायम राख्ने कुरामा पनि यसले मद्दत गर्दछ ।

वित्तीय अपराधसँग लड्ने कार्यमा मद्दत गर्ने हाम्रो मुख्य उद्देश्य रहिआएको छ । हामी निरन्तर रुपमा सिर्जनशिल हुन्छौ, अझ सबल र प्रभावकारी उपकरण, अभ्यास तथा प्रक्रियाहरु अवलम्बन गर्दछौं र वित्तीय अपराध पत्ता लगाउन तथा रोक्ने कार्यमा नेतृत्वकर्ताको ठाउँमा आफुलाई उभ्याउँछौं । एउटा अन्तराष्ट्रिय नेतृत्वदायी बैंकको रुपमा हामी हाम्रो जिम्मेवारीलाई गम्भिरतापुर्वक लिन्छौ र हाम्रो करेस्पोण्डिंग बैंकिङ्ग एकेडेमी मार्फत् हाम्रो बजारमा मापदण्डको सुधारका लागि निरन्तर लगानी गर्दछौं ।

तपाईको बैंकलाई ग्राहक तथा सेवाग्राहीबाट अधिक रुचाईएको छ । उनीहरुले हाम्रो सेवा र प्रविधि क्षमता तथा हामीले सेवा उपलब्ध गराउने शहरमा हाम्रो उपस्थितिलाई महत्व दिएका छन् । हामी हाम्रो जोखिम वहन गर्ने क्षमतालाई कायमै राखेर हाम्रा सशक्त, निष्ठावान ग्राहकहरुलाई सहयोग गर्ने कुरामा निरन्तर सन्तुलन कायम गर्दछौं । चुक्ता पुँजीको वृद्धि पश्चात हामीसँग बलियो वासलात छ यसले हामीलाई आर्थिक अस्थिरताबाट सुरक्षा गर्नुका साथै भावी अवसरहरुप्रति हामीलाई तयारी अवस्थामा राखेको छ । हाम्रो रणनीतिको सफल कार्यान्वयनले शेयरधनीको प्रतिफल वृद्धि गर्न हामीलाई सघाउ पुऱ्याई रहेको छ ।

बैंकलाई अमुल्य सहायता र मार्गदर्शन दिनुभएकोमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र अरु नियामक निकायहरुलाई म धन्यवाद व्यक्त गर्न चाहन्छु । उपयुक्त नीति तथा नियमहरु जारी गरी नेपालको वित्तीय क्षेत्रको स्तरलाई माथि उठाउनका लागि उहाँहरुबाट भएको प्रयासको म पुर्णरुपमा समर्थन तथा सराहना गर्दछु । हाम्रो लगानीकर्ताहरुको हामीप्रतिको सशक्त र अटुट सहयोगप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । हामी राम्रा प्रतिभाहरुलाई राख्ने र निजहरुलाई आकर्षित गरि उनीहरुको सिक्ने र विकास गर्ने क्षमतालाई बढाउने कुराको महत्वप्रति सचेत छौं । हामी हाम्रा कर्मचारीको राम्रो कार्यसम्पादन एवं उनीहरुका राम्रा आचरणलाई निरन्तर पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिनेछौं । हामी उच्च कार्यसम्पादन तथा संस्कार भएको बैंक हौं । हाम्रा कर्मचारीहरुको प्रतिबद्दता र योगदानका लागि म उनिहरुलाई धन्यवाद दिन चाहन्छु ।

हाम्रो अगाडीको बाटो स्पष्ट छ र हामी दिगोरुपले मुनाफा आर्जन गर्ने कार्यका निम्ति राम्रो अवस्थामा छौं । हामी हाम्रा ग्राहकको सेवामा सुधार गर्न, हाम्रा लगानीकर्ताहरुलाई उत्कृष्ट मुनाफा प्रदान गर्न तथा हामीले सेवा संचालन गर्ने समुदायमा अझ बढी योगदान दिने कुरामा केन्द्रित रहने छौं । हामीले हाम्रा सामु रहेको अवसरको सदुपयोगको लागि मेहेनत, लगनशीलता, उत्साह र सृजनात्मक हिसाबले काम गऱ्यौ भने हाम्रो भविष्य उज्जवल हुने कुरामा म विश्वस्त छु । यसले हाम्रो बैंकको पूर्ण सम्भाव्यता हाँसिल गर्न समर्थ बनाउँछ ।

धन्यवाद ।

**जितेन्दर अरोरा**
**अध्यक्ष**

## आ.व.२०७४/७५ का वित्तीय उपलब्धिहरू

| | रु. हजारमा | | % परिवर्तन |
|---|---|---|---|
| | आषाढ ३१, २०७४ | आषाढ ३२, २०७५ | |
| संचालन मुनाफा | २,१७३,७६३ | ३,०१७,४६४ | ३८.८१ |
| कर्जा नोक्सानी व्यवस्थामा रकमान्तर | (१९,५८४) | ७४,८८९ | (४८२.४१) |
| कर व्यवस्था | ६३१,८५६ | ८३१,५९६ | ३१.६१ |
| नोक्सानी व्यवस्था र करकट्टा पछिको खुद आय | १,५४९,९८७ | २,१८९,८९८ | ४१.२८ |
| बोनस शेयर निष्कासन | ९६१,५२९ | ० | १०० |
| प्रस्तावित नगद लाभांश | २१०,८२७ | १,४०२,००० | ५६५ |

## कम्पनी ऐन २०६३ को दफा १०९ अनुसारको थप जानकारी

### प्रतिवेदन तयार भएको मिति सम्मको चालू वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराका सम्बन्धमा संचालक समितिको धारणा :

यसैसाथ संलग्न संचालक समितिको प्रतिवेदन हेर्नुहोला।

चालू आर्थिक वर्ष २०७५/७६ को पहिलो त्रैमासिक को लेखापरीक्षण नगरिएको उपलब्धि परिणाम यस प्रकार छ :-

**रू. हजारमा**

| | |
|---|---|
| कर्जा तथा सापटि | ४८,३६४,८०३ |
| निक्षेप | ६५,४७०,९२२ |
| संचालन मुनाफा | ९०५,९०५ |
| कर कट्टाअघिको मुनाफा | ९०५,९०५ |
| खुद मुनाफा | ६३४,१३३ |

### बिगत वर्षको कारोबारको सिंहावलोकन :

यसैसाथ संलग्न संचालक समितिको प्रतिवेदन हेर्नुहोला।

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :

सारभूत रुपमा प्रत्यक्ष असर नपरेको।

### प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

यसैसाथ संलग्न संचालक समितिको प्रतिवेदन हेर्नुहोला।

### कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :

कम्पनीले आफ्ना ग्राहक, कर्मचारी तथा नियामक निकायसँग राम्रो व्यवसायिक सम्बन्ध कायम गरेको छ। कम्पनीका वरिष्ठ व्यवस्थापकहरुले नियमनकारी निकायहरुका विभिन्न परिषद्, समिति र उप-समितिहरु, पेशागत संघ संस्थाहरु तथा मञ्चहरुमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने गरेका छन्।

यो कम्पनी नेपाल बैंकर्स एसोसिएसन, उधोग वाणिज्य महासंघ, नेपाल-ब्रिटेन उद्योग वाणिज्य संघ, नेपाल उधोग परिसंघ, नेपाल-भारत उद्योग वाणिज्य संघ, नेपाल व्यवस्थापन संघ तथा नेपाल कम्पनी सेक्रेटरी संस्थासँग आवद्ध रहेको छ।

### संचालक समितिमा भएको परिवर्तन र सोको कारण :

यस आ. व. मा संस्थापक शेयरधनीको तर्फबाट नियुक्त दुई जना संचालकले राजिनामा दिनुभएको र उक्त रिक्त स्थानमा अर्को संचालक नियुक्त हुनु भएको। तथा सर्वसाधारण शेयरधनीको तर्फबाट निर्वाचित संचालकले राजिनामा दिएको कारण उक्त स्थानमा संचालक समितिले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(ख) बमोजिम सर्वसाधारण शेयरधनी मध्येबाट एक जनालाई संचालकमा नियुक्त गरेको।

### कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

यसैसाथ संलग्न संचालक समितिको प्रतिवेदन अन्तर्गत 'आर्थिक वातावरण' र 'निष्कर्ष' का अनुच्छेद हेर्नुहोला।

### लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिकृया :

लेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित कैफियतहरुका सम्बन्धमा अन्यथा कुनै प्रतिकृया छैन।

**लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**
बैंकको संचालक समितिले शेयरधनीहरुलाई रु. १,४०२,०००,३६७ नगद लाभांशको माध्यमबाट वितरण गर्ने प्रस्ताव गरेको छ ।

**शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :**
यस आर्थिक वर्षमा कुनै पनि शेयर जफत नभएको ।

**बिगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :**
बैंकको कुनै पनि सहायक कम्पनी छैन ।

**कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**
बैंकको कुनै पनि सहायक कम्पनी छैन र यस अवधिमा कम्पनीको व्यवसायमा कुनै पनि महत्वपूर्ण परिवर्तन भएको छैन ।

**बिगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
स्ट्याण्डर्ड चार्टर्ड बैंक समुह बाहेक अन्य कुनै पनि शेयरधनीले कम्पनीको चुक्ता पुँजीको १ प्रतिशत भन्दा बढी शेयर खरिद नगरेको हुँदा बैंकमा कुनै पनि आधारभूत शेयरधनी छैनन् । यस सम्बन्धमा स्ट्याण्डर्ड चार्टड समुहबाट कुनै पनि जानकारी प्राप्त भएको छैन ।

**बिगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**
नभएको । संचालक र पदाधिकारीहरुले कम्पनी समक्ष गरेको घोषणा अनुसार आर्थिक वर्ष २०७४/७५ मा बैंकको शेयर कारोबारमा उहाँहरुको संलग्नता नभएको ।

**बिगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**
संचालक र निजको नजिकको कुनै नातेदारबाट त्यस्तो कुनै पनि जानकारी प्राप्त नभएको ।

**कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम :**
समीक्षा वर्षमा कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

**आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**
आन्तरिक नियन्त्रण प्रणाली भएको । यसैसाथ संलग्न संचालक समितिको प्रतिवेदन हेर्नुहोला ।

**बिगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
यस आर्थिक वर्षको व्यवस्थापन खर्च रु. १,५८८,२०६,१०७ (आर्थिक विवरणको अनुसूची ४.३६,४.३७ र ४.३८ अनुसार कुल कर्मचारी खर्च (कर्मचारी बोनस समेत), अन्य संचालन खर्च र ह्रासकट्टी तथा परिशोधन रहेको छ ।

**लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**
लेखापरीक्षण समितिको गठन, पारिश्रमिक, भत्ता तथा सुविधा यस प्रकार छ :

| लेखापरीक्षण समितिका सदस्य | सम्पन्न बैंठक ४ | भुक्तान भएको बैठक भत्ता |
|---|---|---|
| क्यारेन डि एल्विस[1], अध्यक्ष | ४ | बैठक भत्ता लिने नगरेको |
| नीता रेगे[2], अध्यक्ष | ३ | बैठक भत्ता लिने नगरेको |
| अभिनाश अग्रवाल[3], सदस्य | १ | रु. १२,५०० (कर समेत) |
| श्रीप्रसाद भण्डारी, सदस्य सचिव | ४ | बैठक भत्ता लिने नगरेको |

[१] १९ भाद्र २०७४ मा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालको संचालक समितिमा नियुक्त हुनुभएको र दुई वटा समितिको बैठक भिडिओ कन्फ़रेन्सको माध्यमबाट उपस्थिति हुनुभएको ।

[२] २७ चैत्र २०७३ मा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालको संचालक समितिमा नियुक्त हुनु भएको र भिडियो कन्फ़रेन्सको माध्यमबाट दुई वटा समितिको बैठकमा उपस्थिति हुनु भएको । २५ फागुन २०७४ मा राजीनामा दिनुभएको ।

[३] २६ पौष २०७४ मा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपालको संचालक समितिमा नियुक्त हुनु भएको र २७ असाढ २०७५मा राजीनामा दिनु भएको ।

**अन्य कुराका अतिरिक्त आर्थिक वर्ष २०७४/०७५ (२०१७/२०१८) मा लेखापरीक्षण समितिले निम्न कार्यहरु सम्पन्न गरेको छ :**

- बैंकको आन्तरिक नियन्त्रण प्रणालीको समिक्षा गरी संचालक समितिमा प्रस्तुत गरेको ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समेटिएका विषयहरुको समिक्षा गरी समाधानका लागि व्यवस्थापनलाई निर्देशन दिएको ।
- वार्षिक लेखापरीक्षण योजना अनुरुप आन्तरिक लेखा परीक्षण विभागले सम्पन्न गरेको कार्यको समिक्षा गरेको ।
- लेखापरीक्षण समितिको कार्य क्षेत्र विवरण को समिक्षा गरी अनुमोदन गरेको ।
- लेखापरीक्षण विधिमा भएका महत्वपूर्ण परिवर्तनलाई समिक्षा र अनुमोदन गरेको ।
- लेखापरिक्षण चार्टरमा संशोधनलाई समिक्षा गरी अनुमोदन गरेको ।
- जोखिम मुल्यांकन र नियमनकारी व्यवस्थाका आधारमा वार्षिक लेखापरीक्षण योजनाको समिक्षा गरेको ।
- लेखापरिक्षण विभागको श्रोतसाधन तथा वृत्ति विकास गतिविधिको समिक्षा गरेको ।
- नेपाल राष्ट्र बैंकको निरीक्षण र वाह्य लेखापरीक्षकको प्रतिवेदनमा उठाइएका कैफियतहरुको समिक्षा गरी उचित समाधानका लागि व्यवस्थापनलाई निर्देशन दिइएको ।
- आन्तरिक लेखापरिक्षण प्रतिवेदन, वाह्य लेखापरीक्षण प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनमा उठाइएका विषयवस्तुको अध्यावधिक स्थितिको समिक्षा गरेको ।
- संचालक समिति मार्फत बैंकको वार्षिक साधारण सभामा वाह्य लेखापरीक्षक नियुक्ती र पारिश्रमिक तोक्नका लागि सिफारिस गरेको ।
- त्रैमासिक र वार्षिक वित्तीय विवरणहरु, प्रमुख वित्तीय सूचकांक र कर्जा नोक्सानी प्रावधानको पर्याप्तताको समिक्षा गरेको ।
- उच्च जोखिम, तथा नयाँ सिर्जित जोखिम र बैंकले पहिल्याएका राष्ट्रिय विषय समेत यस्ता जोखिमको न्यूनीकरण गर्नका लागि व्यवस्थापनको कार्ययोजनाको उपयुक्तताको बारेमा समिक्षा र छलफल गरेको ।
- नियामक क्षेत्रमा भएका परिवर्तनहरु, विकसित हुँदै गरेका नियामक क्षेत्रहरु, नियामक व्यवस्थाहरुको उल्लङ्घन र बैंकको परिपालनाको अवस्थालाई बुझ्नका लागि परिपालना अनुगमन प्रतिवेदनको समिक्षा गरेको ।
- वित्तीय अपराध परिपालना प्रतिवेदनको समिक्षा गरेको ।
- वार्षिक परिपालना योजनाको समिक्षा गरेको ।
- ठगी बाट बैंक लाई पुगेको नोक्सानीको बिषयमा समिक्षा गरेको ।
- कार्य सम्पादन लगाएत पिलर ३ सँग सम्बन्धीत पूँजीको संरचना, पूँजीको पर्याप्तता जोखिमको अवस्था र जोखिम व्यवस्थापन विभागको बैंकको वार्षिक प्रतिवेदन मा उल्लेखित गरिएका विषयको समिक्षा गरिएको ।

**संचालक, प्रबन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

नभएको ।

**सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम:**

संचालकहरुलाई कुनै पनि पारिश्रमिक र सुविधा उपलब्ध नगराइएको । बैंकको नियमावली बमोजिम अध्यक्षलाई रु. २२,५०० र संचालकलाई रु. २१,००० का दरले बैठक

भत्ता दिने व्यवस्था रहेको । उपरोक्त बैठक भत्ता बाहेक अन्य कुनै पनि प्रकारको पारिश्रमिक वा सुविधाहरु प्रदान गरिएको छैन ।

आ.व. २०७४/७५ मा संचालक समितिको १५ वटा बैंठक बसेको र समितिको बैठकमा उपस्थित भए बापत निम्न बमोजिमको भत्ता प्रदान गरिएको ।

| संचालक समितिका सदस्यहरु | भुक्तानी भएको भत्ता रु. |
|---|---|
| जितेन्दर अरोरा, अध्यक्ष[१] | शून्य - पारिश्रमिक नलिएको |
| निता रेगे, संचालक[२] | शून्य - पारिश्रमिक नलिएको |
| क्यारेन डि एलविस, संचालक[३] | शून्य - पारिश्रमिक नलिएको |
| मन बहादुर राई सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक[४] | बैठक भत्ता रु. १,६८,००० (कर सहित) |
| कृष्ण कुमार प्रधान, स्वतन्त्र संचालक | बैठक भत्ता रु. ३,१५,००० (कर सहित) |
| जोसेफ सिल्भानस, प्रमुख कार्यकारी अधिकृत तथा संचालक | शून्य - पारिश्रमिक नलिएको |
| अविनाश अग्रवाल, सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक[५] | बैठक भत्ता रु. १,२६,००० (कर सहित) |
| अमृत कुमारी थापा, सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक[६] | बैठक भत्ता रु. ६३,००० (कर सहित) |

१. बैंकको संचालक समितिमा २२ मंसिर २०७४ देखि नियुक्त भई अध्यक्षको रुपमा कार्यरत ।
२. बैंकको संचालक समितिमा २७ चैत्र २०७३ देखि नियुक्त भै २५ फागुन २०७४ मा राजिनामा दिई संचालक समितिबाट हटनु भएको ।
३. बैंकको संचालक समितिमा १९ भदौ २०७४ देखि नियुक्त भई संचालकको रुपमा कार्यरत ।
४. बैंकको संचालक समितिमा १९ भदौ २०७४ देखि नियुक्त भई २६ पुस २०७४ मा राजिनामा दिई संचालक समितिबाट हटनु भएको ।
५. बैंकको संचालक समितिमा २६ पुस २०७४ देखि नियुक्त भई २७ असार २०७५ मा राजिनामा दिई संचालक समितिबाट हटनु भएको ।
६. बैंकको संचालक समितिमा १५ भदौ २०७५ देखि नियुक्त भई संचालकको रुपमा कार्यरत ।

**आर्थिक वर्ष २०७४/७५ मा प्रमुख कार्यकारी अधिकृतलाई पारिश्रमिक, भत्ता र बोनस बापत रु. २२,१५५,५२३.४७ (कर बाहेक) (अक्षेरुपी दुई करोड एक्काइस लाख पचपन्न हजार पाँच सय तेईस रुपैयाँ सङ्चालिस पैसा मात्र) (कर बाहेक) भुक्तानी दिइएको । बैंकले प्रमुख कार्यकारी अधिकृतलाई तल उल्लेखित सुविधा उपलब्ध गराएको :-**

- बासस्थान
- सवारी साधन र चालक
- सुरक्षा गार्ड
- बिदा भ्रमण भत्ता
- बाल बच्चाको अध्ययन खर्च
- क्लब सदस्यता खर्च
- युटिलीटी खर्च
- बिविध खर्च

**शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
शेयरधनीहरुले भुक्तानी लिन बांकी रहेको लाभांश रु. २८,४१४,५१०.८४ रहेको छ ।

**दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**
नभएको ।

**दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :**
नभएको ।

**कम्पनी ऐन २०६३ तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :** नभएको ।

**अन्य आवश्यक कुराहरु :** नभएको

**नेपाल राष्ट्र बैंक**
**बैंक सुपरिवेक्षण विभाग**

**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाडौं।**
फोन नं.: ४४१९८०५,७
फ्याक्स नं.: ४४१०१५९
Site: www.nrb.org.np
Email: bsd@nrb.org.np
पोष्ट बक्स:७३

पत्रसंख्या:- बै.सु.वि./अफसाइट/एजिएम/०३/२०७५-७६ | मिति २०७५/०८/०४

**स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड,**
**नयाँ बानेश्वर, काठमाडौं।**

**विषय: लाभांश घोषणा/वितरण तथा वित्तीय विवरण प्रकाशन सम्वन्धमा।**

महाशय,

त्यस बैंकबाट पेश गरिएका वित्तीय विवरण तथा अन्य कागजातका आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४७ को उपदफा (२) का प्रावधानहरु पालना गरेको देखिएको हुँदा, ऐ. ऐनको उपदफा (१) बमोजिम प्रस्तावित रु.१,४०,२०,००,३६७- (अक्षरेपी एक अर्व चालीस करोड बीस लाख तीन सय सत्सठ्ठी मात्र) नगद लाभांश अन्य प्रचलित कानूनी व्यवस्थाको समेत पालना हुने गरी वार्षिक साधारण सभाबाट स्वीकृत भएको अवस्थामा मात्रै वितरण गर्न स्वीकृतिका साथै आ.व. २०७४/७५ को वार्षिक हिसाब वार्षिक साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने प्रयोजनार्थ देहायका निर्देशन सहित सार्वजनिक गर्न सहमति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु।

१. नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन, २०७५ को निर्देशन नं २ को बुंदा नं ३९ मा भएको कर्जाको साँवा तथा ब्याज असुल गर्ने सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्नुहुन ।
२. लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरु पूर्ण रुपले सुधार गर्न तथा त्यस्ता कैफियतहरु पुनः दोहोरिन नदिने व्यवस्था मिलाउनु हुन ।

उपरोक्त निर्देशनलाई त्यस बैंकको वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित गर्नु हुन अनुरोध गर्दछु ।

भवदीय,

विना ढकाल
उप-निर्देशक

बोधार्थ :
१. नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. बैंक सुपरिवेक्षण विभाग, प्रतिवेदन कार्यान्वयन इकाई, स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड ।

# वित्तीय अवस्थाको विवरण (वासलात)
## आषाढ ३२ २०७५ को

| सम्पत्ति | नोट | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| नगद तथा नगद सरह | ४.१ | २२,०४८,३२८,०४० | २२,३९७,७३४,१२२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | ३,९८२,४६१,७९४ | ३,७८४,६८१,८४४ |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.३ | ४,८३१,२००,००० | ६,१९०,८००,००० |
| डेरीभेटिभ् वित्तीय साधनहरु | ४.४ | ९,२०८,५०७ | ८,७४३,३७४ |
| अन्य व्यापारिक सम्पत्ति | ४.५ | - | - |
| बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा तथा सापट | ४.६ | २,१३४,८४९,७१७ | १,६१०,४४९,४०२ |
| ग्राहकलाई प्रदान गरिएको कर्जा तथा सापट | ४.७ | ४४,५६१,३३०,१५० | ३८,४३३,८६७,५६० |
| धितोपत्रमा गरिएको लगानी | ४.८ | ४,६६०,९९२,९९३ | ४,८१०,६७५,१४३ |
| चालु कर सम्पत्ति | ४.९ | ९३६,८७१,२०९ | ६१३,९२७,८२६ |
| सहायक कम्पनीहरुमा गरिएको लगानी | ४.१० | - | - |
| एसोसियट्समा गरिएको लगानी | ४.११ | - | - |
| सम्पत्तिमा गरिएको लगानी | ४.१२ | - | - |
| सम्पत्ति तथा उपकरण | ४.१३ | ११५,८९७,३६९ | १०२,९१७,९६५ |
| ख्याती तथा अमुर्त सम्पत्ति | ४.१४ | - | - |
| स्थगन कर सम्पत्ति | ४.१५ | ७५,५४६,४९६ | - |
| अन्य सम्पत्ति | ४.१६ | ६७४,८६८,६३० | ४०२,२१५,४५२ |
| **कुल सम्पत्ति** | | **८४,०३१,५५४,९०६** | **७८,३५६,०१२,६८९** |

| दायित्व | नोट | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम | ४.१७ | ३२६,७१०,४७४ | ४,१७८,२७६,७८१ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | ४.१८ | - | - |
| डेरीभेटिभ् वित्तीय साधनहरु | ४.१९ | - | - |
| निक्षेप दायित्व | ४.२० | ६७,०६१,०४६,५२२ | ५९,६९४,६०८,६७१ |
| सापट | ४.२१ | - | - |
| चालु कर दायित्व | ४.९ | ९७६,५६७,१२० | ५९५,५१२,२६२ |
| व्यवस्थाहरु | ४.२२ | १२०,६७९,३७४ | १४८,७२५,२०८ |
| स्थगन कर दायित्व | ४.१५ | - | ४६,९६२,३०६ |
| अन्य दायित्व | ४.२३ | १,६२१,०४९,२३८ | १,३१२,१३४,५९४ |
| जारी गरिएको ऋणपत्र | ४.२४ | - | - |
| सुरक्षण नराखिएको सहायक दायित्व | ४.२५ | - | - |
| **कुल दायित्व** | | **७०,१०६,०५२,७२८** | **६५,९७६,२१९,८२२** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ४.२६ | ८,०११,४३०,६६७ | ४,००५,७१५,३३३ |
| शेयर प्रिमियम | | - | ३,०४४,१८६,६०० |
| सञ्चित मुनाफा | | १,४०३,०४२,०५८ | १,५३२,३८६,८६१ |
| कोषहरु | ४.२७ | ४,५११,०२९,४५३ | ३,७९७,५०४,०७२ |
| **शेयरधनीहरुको कुल हित** | | **१३,९२५,५०२,१७८** | **१२,३७९,७९२,८६७** |
| अल्पसंख्यक समूहको हित | | - | - |
| **कुल इक्विटी** | | १३,९२५,५०२,१७८ | १२,३७९,७९२,८६७ |
| **कुल पूँजी तथा दायित्व** | | **८४,०३१,५५४,९०६** | **७८,३५६,०१२,६८९** |
| सम्भावित दायित्व तथा प्रतिवद्धता | ४.२८ | ३३,६७२,५७५,३३२ | २६,८९५,६७०,१९२ |
| प्रति शेयर खुद सम्पत्ति मुल्य | | १७३.८२ | ३०९.०५ |

# नाफा नोक्सान हिसावको विवरण

## श्रावण १ २०७४ देखि आषाढ ३२ २०७५ सम्मको

| विवरण | नोट | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.२९ | ४,९४०,६७४,७८७ | ३,१९१,८७७,६६८ |
| ब्याज खर्च | ४.३० | १,६४२,६४०,६३२ | ८६३,४५९,६३५ |
| **खुद ब्याज आम्दानी** | | **३,२९८,०३४,१५५** | **२,३२८,४१८,०३२** |
| फि तथा कमिशन आम्दानी | ४.३१ | ७२४,३९५,८४४ | ५२०,१६९,०३४ |
| फि तथा कमिशन खर्च | ४.३२ | ६०,६३९,९९० | ५०,३३८,१५९ |
| **खुद फि तथा कमिशन आम्दानी** | | **६६३,७५५,८५४** | **४६९,८३०,८७५** |
| **खुद ब्याज, फि तथा कमिशन आम्दानी** | | **३,९६१,७९०,००९** | **२,७९८,२४८,९०७** |
| खुद व्यापारिक आम्दानी | ४.३३ | ५९४,२६५,२५० | ५१२,२३७,२४६ |
| अन्य संचालन आम्दानी | ४.३४ | १२४,५०३,४७३ | १०६,४१९,६२७ |
| **कुल संचालन आम्दानी** | | **४,६८०,५५८,७३२** | **३,४१६,९०५,७८०** |
| कर्जा तथा अन्य नोक्सानी व्यवस्था/(उल्ट्याइएको) | ४.३५ | ७४,८८८,८१६ | (१९,५८३,५८३) |
| **खुद संचालन आम्दानी** | | **४,६०५,६६९,९१६** | **३,४३६,४८९,३६३** |
| **संचालन खर्च** | | – | – |
| कर्मचारी खर्च | ४.३६ | ९९७,८७७,३०४ | ७७१,६१९,१५६ |
| अन्य संचालन खर्च | ४.३७ | ५६४,३१५,७७५ | ४६४,८२९,६४५ |
| ह्रासकट्टी तथा परिशोधन | ४.३८ | २६,०१३,०२८ | २६,२७७,८८२ |
| **संचालन मुनाफा** | | **३,०१७,४६३,८०९** | **२,१७३,७६२,६८०** |
| गैर संचालन आम्दानी | ४.३९ | ४,०३०,०५८ | ८,०८०,१५४ |
| गैर संचालन खर्च | ४.४० | – | – |
| **आयकर अघिको मुनाफा** | | **३,०२१,४९३,८६७** | **२,१८१,८४२,८३४** |
| आयकर खर्च | ४.४१ | ८३१,५९५,७७८ | ६३१,८५५,८७० |
| चालु कर | | ९७६,६७९,६२० | ५९५,५१२,२६२ |
| स्थगन कर | | (१४५,०८३,८४२) | ३६,३४३,६०८ |
| **यस अवधिको नाफा** | | **२,१८९,८९८,०९०** | **१,५४९,९८६,९६३** |
| **मुनाफा** | | | |
| बैंकको इक्विटीहोडरको लागि | | २,१८९,८९८,०९० | १,५४९,९८६,९६३ |
| अल्पसंख्यक समूहको लागि | | – | – |
| **यस अवधिको नाफा** | | **२,१८९,८९८,०९०** | **१,५४९,९८६,९६३** |
| **प्रति शेयर आम्दानी** | | | |
| बेशिक प्रति शेयर आम्दानी | | २७.३३ | २२.७७ |
| डाइलुटेड् प्रति शेयर आम्दानी | | २७.३३ | २२.७७ |

# अन्य विस्तृत आम्दानीको विवरण
## श्रावण १ २०७४ देखि आषाढ ३२ २०७५ सम्मको

| विवरण | नोट | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **यस अवधिको नाफा** | | **२,१८९,८९८,०९०** | **१,५४९,९८६,९६३** |
| अन्य विस्तृत आम्दानी, कर पछिको खुद | | | |
| **क) नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण नहुने शीर्षकहरु** | | | |
| इक्विटी लगानीको फेयर भ्याल्यु मापनको कारणले भएको नाफा/(नोक्सान) | | (३१,०७३,४९१) | (१२९,३४२,१७३) |
| पुनर्मुल्यांकनमा नाफा/(नोक्सान) | | | |
| परिभाषित लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान) | | (१५,१८७,६६५) | (५९,३९६,०००) |
| माथिका शिर्षकहरुसँग सम्बन्धित आयकर | | १३,८७८,३४७ | १७,८१८,८०० |
| **नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण नहुने खुद अन्य विस्तृत आम्दानी** | | (३२,३८२,८०९) | (१७०,९१९,३७३) |
| **ख) नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण हुने वा हुनसक्ने शीर्षकहरु** | | | |
| सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्ति रुपान्तरणबाट भएको) | | | |
| माथिका शिर्षकहरुसँग सम्बन्धित आयकर | | | |
| नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण | | | |
| **नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण हुने वा हुनसक्ने खुद अन्य विस्तृत आम्दानी** | | | |
| **ग) एसोसियट्सको इक्विटी विधिबाट लेखांकन गरिएको अन्य विस्तृत आम्दानीको हिस्सा** | | | |
| **यस अवधिको अन्य विस्तृत आम्दानी, कर पछिको खुद** | | **(३२,३८२,८०९)** | **(१७०,९१९,३७३)** |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | | **२,१५७,५१५,२८१** | **१,३७९,०६७,५९०** |
| **कुल विस्तृत आम्दानी** | | | |
| बैंकको इक्विटीहोडरको लागि | | २,१५७,५१५,२८१ | १,३७९,०६७,५९० |
| अल्पसंख्यक समूहको लागि | | – | – |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | | **२,१५७,५१५,२८१** | **१,३७९,०६७,५९०** |

# वितरण योग्य नाफा/नोक्सान हिसाबको विवरण

## २०७५ साल आषाढ मसान्तमा समाप्त वर्षको
## ने.रा.बैंकको नियम बमोजिम

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **नाफा नोक्सान विवरण बमोजिमको कुल नाफा/नोक्सान** | २,१८९,८९८,०९० | १,५४९,९८६,९६३ |
| **बाँडफाँड:** | | |
| क) साधारण जगेडा कोष | ४३७,९७९,६१८ | २८४,३१९,२२७ |
| ख) सटही घटबढ कोष | २८,०८३,५६० | २४,५८२,८२९ |
| ग) पूँजी फिर्ता जगेडा कोष | – | – |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | – | – |
| ङ) कर्मचारी तालिम कोष | – | – |
| च) अन्य | – | ४,३४३,००६ |
| **नियामक समायोजन अघिको नाफा/नोक्सान** | **१,७२३,८३४,९१२** | **१,२३६,७४१,९०१** |
| **नियामक समायोजन** | | |
| क) असुल गर्न बाँकी ब्याज (-) र अघिल्लो असुल गर्न बाँकी ब्याज प्राप्त (+) | (२१८,८९६,०३७) | |
| ख) कर्जा नोक्सानी कम व्यवस्था (-) र उल्ट्याइएको (+) | – | |
| ग) लगानी नोक्सानी कम व्यवस्था (-) र उल्ट्याइएको (+) | – | |
| घ) गैर बैंकिङ्ग सम्पत्ति नोक्सानी कम व्यवस्था (-) र उल्ट्याइएको (+) | – | |
| ङ) स्थगन कर सम्पत्ति (-) र उल्ट्याइएको (+) | (७५,५४६,४९६) | |
| च) ख्याती (-) र ख्यातीको नोक्सानी (+) | – | |
| छ) बारगेन पर्चेज लाभ (-) र उल्ट्याइएको (+) | – | |
| ज) एक्चुरियल नोक्सानी (-) र उल्ट्याइएको (+) | (५१,५९२,५६५) | |
| झ) अन्य (+/-) | – | |
| **वितरण योग्य नाफा/नोक्सान** | **१,३७७,७९९,८१३** | |

# नगद प्रवाह विवरण

## श्रावण १ २०७४ देखि आषाढ ३२ २०७५ सम्मको

| सम्पत्ति | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | |
| ब्याज आम्दानी | ४,८७१,३०५,८३६ | ३,०८७,०६९,९४६ |
| कमिशन तथा अन्य आम्दानी प्राप्त | ७४७,६८९,८८९ | ४८१,४३७,२८८ |
| लाभांश प्राप्त | - | - |
| अन्य कारोबार संचालनबाट प्राप्त | ५९९,१२२,८६४ | ५२१,४६९,४९० |
| ब्याज खर्च | (१,६०५,६४२,५४६) | (६३५,०४८,०७९) |
| कमिशन तथा फि खर्च | (६०,६३९,९९०) | (५०,३३८,१५९) |
| कर्मचारी खर्च | (८४७,८४८,५४५) | (७३०,२७०,३०५) |
| अन्य खर्च | (५३६,२६९,९४२) | (५१९,१५३,३६१) |
| **संचालन सम्पत्ति तथा दायित्व परिवर्तन अधिको संचालन नगद प्रवाह** | **३,१६७,७१७,५६६** | **२,१५५,१६६,८२१** |
| **संचालन सम्पत्तिमा कमी/(वृद्धि)** | **(६,११५,०२३,२४१)** | **७७६,२१८,९१०** |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | (१९७,७७९,९५०) | (४,२८८,०३१,८४४) |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | १,३५९,६००,००० | १३,२६३,०१०,००० |
| अन्य व्यापारिक सम्पत्ति | (४६५,१३३) | - |
| बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा रकम | (५३९,७६०,०३६) | (२५७,१६०,३९१) |
| ग्राहकहरुलाई प्रदान गरिएको कर्जा रकम | (६,५४९,२०२,५३४) | (७,९३१,१५६,६५३) |
| अन्य सम्पत्ति | (१८७,४१५,५८८) | (१०,४४२,२०२) |
| **संचालन दायित्वमा कमी/(वृद्धि)** | **३,५२९,९७७,५५२** | **७,५८५,००७,८९०** |
| बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम | (३,८५१,५६६,३०७) | ४,००४,३०६,३४९ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम | - | - |
| निक्षेप दायित्व | ७,३६६,४३७,८५० | ४,१४१,४००,६४७ |
| सापट | - | (५००,०००,०००) |
| अन्य दायित्व | १५,१०६,००८ | (६०,६९९,१०६) |
| **कारोबार संचालनबाट कर भुक्तानी अधिको खुद नगद प्रवाह** | **५८२,६७१,८७८** | **१०,५१६,३९३,६२१** |
| आयकर भुक्तानी | (९१८,५६८,१४५) | (५५७,९९६,२८६) |
| **कारोबार संचालनबाट खुद नगद प्रवाह** | **(३३५,८९६,२६७)** | **९,९५८,३९७,३३५** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| धितोपत्र लगानी खरिद | - | - |
| धितोपत्र लगानी बिक्रीबाट प्राप्त | १२७,९३०,७०६ | ५,२७३,८०४,२४० |
| सम्पत्ति तथा उपकरण खरिद | (४०,९१७,३४७) | (५९,३४१,८०३) |
| सम्पत्ति तथा उपकरण बिक्रीबाट प्राप्त | १,९२४,९१६ | २,६०४,१३१ |
| अमुर्त सम्पत्ति खरिद | - | - |
| अमुर्त सम्पत्ति बिक्रीबाट प्राप्त | - | - |
| सम्पत्तिमा गरिएको लगानी | - | - |
| सम्पत्तिमा गरिएको लगानी बिक्रीबाट | - | - |
| ब्याज आम्दानी | - | - |
| लाभांश आम्दानी | ११,३४१,६७८ | ६,९३६,२२० |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | **१००,२७९,९५३** | **५,२२४,००२,७८७** |
| वित्तीय कारोवारबाट नगद प्रवाह | | - |
| ऋणपत्र जारीबाट प्राप्त | - | - |
| ऋणपत्र भुक्तानी | - | - |
| सुरक्षण नराखिएको सहायक दायित्व प्राप्त | - | - |
| सुरक्षण नराखिएको सहायक दायित्व भुक्तानी | - | - |
| शेयर निष्काशनबाट प्राप्त | - | ३,२७८,२५८,९६५ |
| लाभांश भुक्तानी | (२२६,१२४,००६) | (१३३,५८८,४६६) |
| ब्याज भुक्तानी | - | - |
| अन्य आम्दानी र भुक्तानी | - | - |
| **वित्तीय कारोवारबाट खुद नगद प्रवाह** | **(२२६,१२४,००६)** | **३,१४४,६७०,४९९** |
| **नगद तथा नगद सरहमा कमी/(वृद्धि)** | **(४६१,७४०,३२१)** | **१८,३२७,०७०,६२१** |
| **नगद तथा नगद सरह, श्रावण १** | २२,३९७,७३४,१२२ | ३,९७२,३३२,१८४ |
| **विनिमय दरमा भएको फरकबाट नगद तथा नगद सरहमा असर** | ११२,३३४,२३९ | ९८,३३१,३१७ |
| **नगद तथा नगद सरह, आषाढ अन्तिम २०७५** | **२२,०४८,३२८,०४०** | **२२,३९७,७३४,१२२** |

## स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका शेयरधनी महानुभावहरु समक्ष

# लेखापरीक्षकको प्रतिवेदन

### वित्तीय विवरण उपरको प्रतिवेदन

#### आर्थिक विवरण तथा व्यवस्थापनको उत्तरदायित्व

हामीले स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको यसैसाथ संलग्न ३२ आषाढ २०७५ (१६ जुलाई २०१८) को वित्तीय स्थिती को विवरण, सोहि मितिमा समाप्त वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विबरण एवं लेखासम्बन्धि टिप्पणीहरुको लेखा परीक्षण गरेका छौं ।

#### वित्तीय विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने उत्तरदायित्व बैंक व्यवस्थापनको हो । साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रदर्शन हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

#### लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व लेखापरीक्षणको आधारमा ति वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं । ती मानहरु अनुरुप हामीले आचार संहिताको पालना गर्नु पर्दछ साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रदर्शन हुनबाट बञ्चित छन् भन्ने कुरामा यथोचित ढंगले विश्वस्त हुनको लागि लेखापरीक्षण योजना तर्जुमा एवं तदनुरुप कार्य सम्पादन गर्नु पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरुको पुष्ट्यांई गर्ने प्रमाण प्राप्त गर्न आवश्यक प्रकिया अवलम्बन गरिन्छ । यस्ता प्रकियाहरु लेखापरीक्षकको व्यवसायिक निर्णय तथा वित्तीय विवरणहरु गहन रुपले गलत प्रदर्शन हुन सक्ने जोखिमको विश्लेषणमा भर पर्दछ । सो विश्लेषण गर्दा लेखापरीक्षकले लेखापरीक्षण प्रक्रियाहरुको अवलम्बन गर्नको लागि वित्तीय विवरणहरुको तयारी सम्बद्ध संस्थाको आन्तरिक नियन्त्रण प्रणालिको पनि विचार गर्नु पर्छ । तर आन्तरिक नियन्त्रण प्रणालिको परिक्षणको उद्धेश्य सो प्रणालिको प्रभावकारीताको विषयमा राय दिनु हैन ।

व्यवस्थापनले अवलम्वन गरेको लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरु एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन गर्नु पनि लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

#### लेखापरीक्षकको राय

हाम्रो रायमा स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको वित्तीय विवरणहरुले आषाढ ३२, २०७५ (१६ जूलाई २०१८) को आर्थिक अवस्था तथा उक्त अवधिको वित्तीय सम्पादन र नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदन मान तथा कम्पनी ऐन २०६३ अनुरुप यथार्थ चित्रण गर्दछन् ।

#### बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ ले तोकेको कुराहरु उपरको प्रतिवेदन

हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानि सोधनी तथा कैफियत तलब गरेको कुराहरुको जवाफ एवं स्पष्टिकरण सन्तोषजनक पायौं । बैंकको शाखा कार्यालयहरुबाट प्राप्त विवरणहरु स्वतन्त्र रुपमा लेखापरीक्षण नगरिएको भएतापनि लेखापरक्षिणको लागि पर्याप्त भएको पायौं । वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहितको आर्थिक विवरण राष्ट्र बैंकले तोकेको ढाँचा र तरिका अनुसार तयार गरिएका छन् र बैंकले राखेको लेखा संग दुरुस्त रहेका छन् तथा बैंकको हिसाव किताबहरु प्रचलित कानून बमोजिम ठीकसंग राखिएका छन् ।

लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना तथा स्पष्टिकरणको आधारमा बैंकको पूँजीकोष तथा जोखिम व्यहोर्ने कोष पर्याप्त मात्रामा भएको, तोकिए बमोजिम कर्जा अपलेखन गरेको, कारोवार संतोषप्रद संचालन भएको तथा बैंकका कारोवारहरु आफ्नो अख्तियार भित्र रहेको पाईयो । कुनै किसिमको लेखा सम्वन्धि जालसाजी गरिएको तथा संचालक समिति वा कुनै संचालक वा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा बैंकलाई हानी नोक्सानी गरे गराएको वा नेपाल राष्ट्र बैंकको निर्देशन उलंघन गरेको हामीले पाएनौ साथै यस्ता कुराहरुको बारेमा व्यवस्थापनबाट समेत जानकारी हुन आएन ।

**सुनिर कुमार ढुङ्गेल**
**प्रबन्ध साझेदार**
एस.ए.आर एशोसियट्स
चार्टर्ड एकाउण्टेण्ट्स

**मिति :** २०७५ कार्तिक २४ गते
**स्थान :** काठमाण्डौ

Standard Chartered

Standard Chartered Bank Nepal Limited स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड


**Contact Information**

Get instant access to the Bank 24X7
by dialing a dedicated telephone number
+977-1-4781800
Clientcarecentre.Nepal@sc.com


For further information please visit
www.sc.com/np
facebook.com/Standard CharteredNP